# नेपाल राष्ट्र बैंक

## k]; ;dfrf/

## नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइनाबीच लगानी सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर

नेपाल राष्ट्र बैंक र चीनको केन्द्रीय बैंक पिपुल्स बैंक अफ चाइनाबीच आज एक सम्झौता सम्पन्न भयो, जसले नेपाल राष्ट्र बैंकलाई चीनको सरकारी ऋणपत्र बजारमा लगानी गर्न बाटो खुला गरेको छ । नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज



खतिवडाको उपस्थितिमा पिपल्स बैंक अफ चाइनाका तर्फबाट डेपुटी गभर्नर हु जियाओ लियानले तथा नेपाल राष्ट्र बैंकका तर्फबाट बैंकका डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले ***"चीनको अन्तरबैंक ऋणपत्र बजारमा लगानी गर्ने सम्बन्धी एजेन्सी सम्झौता"*** मा हस्ताक्षर गर्नुभयो । हस्ताक्षर तथा सम्झौता आदान प्रदान कार्यक्रम नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, काठमाडौंमा सम्पन्न भएको थियो ।

नेपाल राष्ट्र बैंकले आफ्नो विदेशी विनिमय सञ्चितिको लगानीलाई क्रमश: विविधीकरण गर्दै लैजाने रणनीति अनुरूप उक्त सम्झौता गरिएको र यसबाट नेपालको प्रमुख व्यापारिक साझेदार मुलुक चीनसँगको व्यापार भुक्तानी प्रणालीलाई सहज बनाउन सहयोग पुग्नेछ । यस सम्झौताबाट दुई मुलुकबीचको वित्तीय सम्बन्धलाई थप सुदृढ बनाउन कोसेढुङ्गा सावित हुने विश्वास गरिएको छ ।

हस्ताक्षर समारोहअघि पिपुल्स बैंक अफ चाइनाका डेपुटी गभर्नर हु जियाओ लियान र नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाबीच




भेटवार्ता भएको थियो । भेटका क्रममा दुई देशबीच बैंकिङ्ग सेवा विस्तार, सोका लागि केन्द्रीय बैंकले सहजीकरण गर्न सक्ने, औपचारिक व्यापारका लागि बैंकिङ्ग क्षेत्रबाट भुक्तानी व्यवस्थापन गर्ने, चिनियाँ मुद्रामा गरिने लगानीबाट प्राप्त प्रतिफलमा समेत कर छुटको व्यवस्थाका लागि आग्रह गर्नुका साथै दुवै मुलुकका मुद्रालाई द्विपक्षीय रूपमा स्वीकार गर्ने व्यवस्था (Currency Swap Arrangement) र दुई केन्द्रीय बैंकका मानव संशाधनको दक्षता अभिवृद्धिका लागि तालिम, Staff Exchange सम्बन्धी सहकार्यका लागि समेत गभर्नर डा. खतिवडाले आग्रह गर्नु भएको थियो ।

**गभर्नरको कार्यालय**

मिति २०७० असार ७ गते, शुक्रबार